# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :
Ref. No.

## प्रेश विज्ञप्ति

नेपाल सरकार अर्थमन्त्रालयबाट शेयर कारोबारमा पूँजीगत लाभकर गणनाका लागि आधार मूल्य कायम गर्ने सम्बन्धी विधि निर्णय भई आएको सन्दर्भमा सर्वसाधारण सवैको जानकारीका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले यो प्रेश विज्ञप्ति जारी गरेको छ । हाल सूचीकृत कम्पनीहरुले पटक-पटक हकप्रद शेयर तथा वोनस शेयर निष्काशन गर्ने गरेकोमा हरेक निष्काशनको अन्तिम मूल्य जोडी सोलाई औषत गणना गरी पूँजीगत लाभकर गणना गर्ने गरेकोमा नयाँ विधि अनुसार त्यस्तो शेयर निष्काशनका लागि Book Close गर्दा अन्तिम मुल्यलाई वोनस तथा हकप्रद शेयर अनुपातले समायोजन गरी औषत गणना गरी आधार मुल्य निर्धारण तय हुनेछ ।

**उदाहरणका लागि** : नविल बैंक लि. को देहाय अनुसारको मूल्य पूँजीगत लाभकर प्रयोजनको लागि लिईदै आएको र सो औषत देहाय अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| २०५८ श्रावण १ | रु. १,५००।- | शेयरको बजार मूल्य |
| २०५८।११।९ | रु. ७१०।- | " " " |
| २०६४।८।२३ | रु. ५,७२५।- | " " " |
| | रु. ७,९३५।-/३ = | रु. २,६४५।- औषत मूल्य |

२०६५।५।२९ को Book Close मूल्य = रु. ५,६८०।-
वोनसको अनुपात ४०%

| | |
|---|---|
| रु. ५,६८०/१.४ = | रु. ४,०५७।१४ |
| | रु. ६,७०२।१४/२ = रु. ३,३५१।०७ |

**आधार मूल्य रु. ३,३५१।-**

यदि नविल बैंकले पुनः १:१ अनुपातमा हकप्रद शेयर दिएमा सो दिनको अन्तिम मूल्य मानौ रु. ५,०००।- छ भने हकप्रद शेयर प्राप्त गर्न निजले प्रति शेयर रु. १००।- तिर्नु पर्ने हुन्छ । यस्तो अवस्थामा :

रु. ५,०००।- + रु. १००।- = रु. ५,१००।-/२ = रु. २,५५०।-

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :
Ref. No.

यस अघिको समायोजन गरिएको आधार मूल्य रु. ३,३५१।- रहेको र हालको समायोजन गरेको मूल्य रु. २,५५०।- रहेको हुँदा
रु. ३,३५१।- + रु. २,५५०।- = रु. ५,९०१।-/२ = रु. २,९५०।५०

आधार मूल्य रु. २,९५०।-

सूचीकृत नभएका कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट वा Over the Counter Market (OTC) बाट विक्री मूल्य यकिन गरी पूँजीगत लाभकर गणना गर्ने ।

पूँजीगत लाभकर गणना गर्ने उपर्युक्त विधि कार्यान्वयपछि हाल रहेको अन्यौलको निराकरण भई शेयर कारोबारमा सकारात्मक प्रभाव पर्ने विश्वास स्टक एक्सचेञ्जले लिएको छ ।

मितिः २०६५/८/२३

(मुराहरि पराजुली)
सहायक प्रवक्ता


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.